नेपाल सरकार

**खानेपानी मन्त्रालय**

सिंहदरवार, काठमाडौं।

# खानेपानी महसुल निर्धारण आयोगको पदाधिकारी नियुक्तिको लागि दरखास्त आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/१२/१४**

खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ को दफा ३ बमोजिमको समितिको अध्यक्ष एवं सदस्य पदमा नियुक्त भै कार्य गर्न ऐन बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट प्रस्तुत सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र (आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट) यस मन्त्रालयमा रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

| सूचना नं. | रिक्त पद | आवश्यक संख्या | योग्यता तथा अनुभव |
|---|---|---|---|
| ०१/०७८/७९ | अध्यक्ष | १ जना | मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ , व्यवस्थापन, अर्थशास्त्र वा वित्तीय व्यवस्थापनमा कम्तीमा स्नातक उपाधि हासिल गरी सार्वजनिक संस्थामा व्यवस्थापकीय जिम्मेवारी लिई कम्तीमा बाह्र वर्षको अनुभव। |
| ०२/०७८/७९ | सदस्य | १ जना | मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र , वित्तीय व्यवस्थापन वा विश्लेषण , चाटर्ड एकाउण्टेन्सी वा वाणिज्य शास्त्रमा कम्तीमा स्नातक उपाधि हासिल गरी आर्थिक मूल्याङ्कन, लेखा वा वित्तीय विश्लेषण सम्बन्धी काममा कम्तीमा दश वर्षको अनुभव। |
| ०३/०७८/७९ | सदस्य | १ जना | मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ, समाजशास्त्र वा कानून विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त (महिला, दलित र जनजाती)। |

**१. दरखास्त पेश गर्नेप्रक्रिया:**

खानेपानी महसुल निर्धारण आयोग पदाधिकारी सिफारिस कार्यविधि , २०७८ को अनुसूची-१ बमोजिमको दरखास्त फारम साथ देहायका कागजातहरु पेश गर्नुपर्नेछ। दरखास्त फारम यस मन्त्रालयको वेभसाईट **www.mows.gov.np** बाट download गर्न सकिनेछ।

क. नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

ख. शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट शैक्षिक उपाधि हासिल गर्नेको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत),

ग. वैयक्तिक विवरण,

घ. अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि,

ङ. अध्यक्षको हकमा खानेपानी महसुल निर्धारण आयोग पदाधिकारी सिफारिस कार्यविधि, २०७८ को अनुसूची-३ बमोजिमको खानेपानी महसुल निर्धारण आयोगको सुधार सहितको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्द नबढाई) र सदस्यको हकमा अनुसूची-४ बमोजिमको खानेपानी महसुल निर्धारण आयोगको कार्यसम्पादनलाई प्रभावकारी रुपमा अगाडी बढाउने अवधारणा पत्र (पन्ध्र सय शब्द नबढाई) छुट्टै खाममा सहिछाप सहित सिलबन्दी गरी पेश गर्नुपर्ने,

च. खानेपानी महसुल निर्धारण आयोग पदाधिकारी सिफारिस कार्यविधि , २०७८ को दफा ४ बमोजिम अयोग्य नभएको स्वघोषणापत्र।

**२. दरखास्त बुझाउने स्थान**खानेपानी मन्त्रालय (प्रशासन महाशाखा), सिंहदरवार, काठमाडौं।

थप जानकारीका लागि टेलिफोन नं. ०१-४२११६५१